ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका

# भिमसेनथापा गाउँपालिकाको चौधौं गाउँसभामा उपाध्यक्ष श्री अमृता देवी वस्ती (भट्ट)ज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१।०८२ वजेट वक्तव्य

## भिमसेनथापा गाउँपालिका

## जिल्ला गोरखा, गण्डकी प्रदेश नेपाल ।

गाउँ टोल र घर घरमा स्थानिय सरकार

गाउँ सभाका सभाध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,
गाउँसभाका सचिव ज्यू,
राष्ट्रसेवक कर्मचारीहरु,
पत्रकार मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. गणतन्त्र स्थापना पछिको दोश्रो स्थानीय तह निर्वाचनले दिएको विशेष जिम्मेवारीलाई अंगिकार गर्दै तेश्रो ऐतिहासिक कार्य वर्षको लागि यस सम्मानित चौधौं गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । यस अवसरमा सम्मानित सभाको अध्यक्षता गरिरहनु भएका आदणीय अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, सचिवज्यू लगायत राट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी सवैमा हार्दिक स्वागत गर्न चाहान्छु । यस ऐतिहासिक भिमसेनथापा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वजेट प्रस्तुत गर्न यहाँ प्रस्तुत भईरहदा हामीले अंगिकार गरेको शासन व्यवस्था स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने संपुर्ण ज्ञात, अज्ञात वीर सहिदहरु प्रति नतमस्तक भई हार्दिक श्रद्धासुमन वेपत्ता र घाइतेहरु प्रति सम्मान अपर्ण गदर्छु ।

२. लामो समय पछि नेपाली जनताको चाहना अनुरुप सङ्घीय स्वरुपको समावेशी, जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । सङ्घीय शासन व्यवस्थाको कार्यान्वयनको चरणमा यस गाउँपालिकालाई प्राप्त स्रोत र साधनको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

३. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्तहरु, संघीय र प्रदेश सरकारका आवधिक योजना, नीति तथा कार्यक्रम, गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना प्रचलित कानूनहरु, सम्मानित गाउँसभाबाट पारित गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु । यसका साथै विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माणमा ध्यान दिएको छु ।

४. चालू आर्थिक वर्षको यस गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट भौतिक, आर्थिक तथा सामाजिक विकास भई नागरिकको घरदैलोमा विकासका लाभहरु पुर्याई नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल देखिन थालेको महशुस गरेको छु।

५. पालिका भित्रका भौतिक पूर्वाधार निर्माण कार्यमा तीव्रता आएको छ ।आर्थिक क्षेत्र र सामाजिक क्षेत्रमा पालिकाले गरेको लगानीले ती क्षेत्रसँगै अन्य बहुआयामिक क्षेत्रको

विकास हुदै गएको छ । स्थानीय तहको विकासमा गैरसरकारी संस्था, निजी तथा सहकारी क्षेत्रको उपस्थिति बलियो हुदैछ। समग्रमा गाउँपालिकाबासीले अनुभूति गर्ने ढंगबाट जनसहभागितामूलक पद्धतिको विकास भएको छ ।

६. आगामी आर्थिक वर्षको वजेट तय गर्दै गर्दा संघ र प्रदेश सरकारवाट यस गाउँपालिकाको लागि विनियोजन भएका बजेट तथा कार्यक्रमहरुसंग दोहोरो नपर्ने गरी समन्वयात्मक ढंगले सबै वर्ग, क्षेत्र, लिंग र समुदायलाई समेट्ने गरी उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्न ध्यान दिएको छु। साथै गाउँपालिकाको अधिकारक्षेत्र, सार्वजनिक सेवा प्रवाहमा पालिकाको भूमिका र सञ्चालित विकास आयोजनाको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालू आर्थिक वर्षका कार्यक्रमलाई जनताको चाहना र आवश्यकता अनुरुप परिमार्जन, संशोधन र निरन्तरता दिदै बजेट विनियोजन गरेको छु ।

७. वित्तीय संघीयता अनुरुप स्थानीय तहले प्राप्त गर्ने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी पूर्वाधार विकास, सामाजिक तथा आर्थिक क्षेत्रको विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, उद्यमशीलता प्रवर्द्धन हुने तथा संस्थागत विकास र सुशासनको क्षेत्रमा लगानी केन्द्रित गरेको छु । यसबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, पर्यटन प्रवर्द्धन, रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि भई गरिबी न्यूनीकरण गर्दै पालिकाको समृद्धि हासिल हुने दिशातर्फ बजेट केन्द्रित गरेको छु ।

८. भिमसेनथापा गाउँपालिकाको सेवा प्रवाहमा सुशासन, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा दिगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ। सबै पालिकावासीलाई गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच घरघरमा स्वच्छ खानेपानी, सुरक्षित सडक पूर्वाधार, सुरक्षित आवास, सामाजिक न्याय र समानता, मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नु नै यो बजेटको उद्देश्य रहेको छ ।

९. पालिकाको आर्थिक विकासको स्तर र विकासका लागि कानून तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वन, सार्वजनिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन, सीपयुक्त दक्ष जनशक्तिको अभाव हाम्रा प्रमुख चुनौतीहरु हुन् ।

१०. न्यून आर्थिक स्रोत, जनशक्तिको अभाव, पर्याप्त कानूनी व्यवस्थाको अभाव, खण्डीकृत र क्षेत्रगत तथ्यांकहरुको अभाव, ठेकेदारले समयमा काम नगर्नु, कम लागतका धेरै योजनाहरु रहनु जस्ता प्रतिकूलताका बाबजुद पनि समग्रमा चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ । अधिकांश आयोजनाहरु सम्पन्न हुने दिशातर्फ उन्मुख छन् ।

**सभाअध्यक्ष ज्यू,**

११. भिमसेनथापा गाँउपालिकाको जिम्मेवारी र खर्चको आवश्यकताको तुलनामा गाँउपालिकाभित्र न्यून आन्तरिक आय संकलन हुने, संघ तथा प्रदेशबाट विनियोजित बजेटको सिमा भित्र रहेर कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने, संस्थागत हुने क्रममा रहेको संरचनागत तथा कार्यप्रक्रियागत सीमितता र निर्वाचित जनप्रतिनिधिहरु उपर आम जनताको उच्च अपेक्षाका बीच चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरुको हालसम्मको प्रगति उपलब्धिमूलक र उत्साहप्रद देखिएको छ ।

१२. अध्यक्ष महोदय, अव म चालु आर्थिक वर्ष २०८०।०८१ को हालसम्मको आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१३. चालु आ.ब. का लागि संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु १२ करोड ६३ लाख अनुमान गरिएकोमा हालसम्म रु ९ करोड ३६ लाख ९ सय ३० रुपैयाँ, शसर्त अनुदान तर्फ २६ करोड १७ लाख अनुमान गरिएकोमा शतप्रतिशत प्राप्त भएको छ, राजश्व बाँडफाँड तर्फ रु ९ करोड १ लाख ६५ हजार ४ सय अनुमान गरिएकोमा रु ६ करोड ७१ लाख ८ हजार ६ सय ३२ रुपैयाँ, समपुरक अनुदानमा रु ८० लाख र विशेष अनुदानमा रु ५० लाख रुपैयाँ अनुमान गरिएकोमा शतप्रतिशत प्राप्त भएको छ भने प्रदेश तर्फ समानिकरण अनुदान रु १ करोड ७८ लाख १५ हजार मध्ये १ करोड ३३ लाख ६१ हजार २ सय ५० रुपैयाँ, समपुरक अनुदानमा ६० लाख र सशर्त अनुदानमा ३० लाख विनियोजन गरिएकोमा शतप्रतिशत, राजश्व बाँडफाँड तर्फ ५८ लाख ४८ हजार मध्ये ५२ लाख २७ हजार ६ सय ७६ रुपैयाँ र आन्तरिक स्रोत रु ७० लाख अनुमान गरिएकोमा ८२ लाख ८५ हजार ७ सय ४५ रुपैयाँ आम्दानी भएको छ ।

**सभाअध्यक्ष महोदय,**

१४. यस गाँउपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी **गाउँ टोल घरघरमा स्थानीय सरकारको** अनुभूति प्रत्याभूति गराउँदै भिमसेनथापा गाँउपालिकालाई **ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमूना गाउँपालिकको** रुपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको उद्देश्यहरु तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

१५. अब म आगामी आ.व.२०८१/०८२ को बजेटको उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्

- उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
- नागरिकको मौलिक हक र अधिकारको रुपमा रहेको आधारभूत आवश्यकताहरु यथाशीघ्र परिपूर्ति गर्दै गरिबी, विपन्नता र पछौटेपनको अन्य गर्नु,
- उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको उच्चतम परिचालन गरी आर्थिक विकास गर्नु
- मानव संशाधनको विकास गर्दै आर्थिक क्रियाकलाप वृद्धि गर्नु,
- आर्थिक, भौतिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको विकासमा समन्यायिक र सन्तुलित विकास गर्नु,
- शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रको विकासबाट समुन्नत गाउँपालिकाको निर्माण गर्नु,
- संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्नु र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

१६. आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु । समृद्ध पालिका निर्माण गर्नका लागि मैले देहाय अनुसार नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।

- कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण,
- स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति,
- भौतिक पूर्वाधार संरचनाको विकास, निर्माण, संरक्षण तथा सम्भार,
- मानव संशाधनको विकास, विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकहरुलाई अनुभूति हुने सुशासन प्रर्वद्धन,
- स्रोत साधन, अवसर र जनशक्तिको उच्चतम प्रयोग गर्न सहकारी, गैर सरकारी क्षेत्र र निजी क्षेत्र बीच सहकार्य ।
- सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा सुधार ।

१७.प्रस्तुत बजेटको उद्देश्यहरु हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । उपलब्ध पूँजी, प्रविधि, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

१८. नेपाल सरकारबाट प्राप्त सर्शत अनुदान वापतको चालु तर्फको २५ करोड २२ लाख र पूँजीगत तर्फको ६० लाख गरी कुल रकम रु. २५ करोड ८२ लाख सोही शीर्षकमा आएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।

**सभाअध्यक्षज्यू,**
**गाउँसभाका सदस्यहरुज्यूहरु,**

१९. अब म यस गाउँपालिकाको विषयक्षेत्रगत प्रक्षेपित योजना तथा कार्यक्रमको विवरण प्रस्तुत गर्न चाहन्छु । समग्र गाउँपालिकाको विकासका लागि आर्थिक विकास तर्फ रु ५ करोड ३० लाख २३ हजार, सामाजिक विकास तर्फ ३० करोड ५० लाख ३५ हजार, पूर्वाधार विकास तर्फ ८ करोड ७२ लाख ७० हजार, वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ ७० लाख ८० हजार र संस्थागत विकास तथा सुशासनका लागि १ करोड ३ लाख ५० हजार रुपैयाँ त्यस्तै कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ रु १० करोड ३० लाख ३६ हजार गरी कुल ५६ करोड ५७ लाख ९४ हजार रुपैया बजेट विषयक्षेत्रगत रुपमा विनियोजन गरेको छु। जसबाट गाउँपालिकाको समग्र विकासकमा टेवा पुग्ने अपेक्षा गरेको छु।

**सभाअध्यक्ष ज्यू, गाउँसभाका सदस्यज्यूहरु,**
अब म यस आर्थिक वर्ष २०८१।०८२ को पालिका स्तरिय योजना तथा कार्यक्रमहरुमा विनियोजन गरेको क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छु।

२०. आर्थिक विकास तर्फः

- **उत्पादन एवं क्षेत्रफलमा आधारित अनुदान कार्यक्रम** संचालनका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।
- संघीय सरकारसँगको साझेदारीमा कृषि एम्बुलेन्स खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । यसबाट कृषकहरुले उत्पादन गरेको कृषि उपजहरुलाई सहज रुपमा बजारसँग जोड्ने विश्वास लिएको छु ।
- **कृषि उपज संकलनको लागि कोल्डस्टोर** निर्माण कार्य सम्पन्न गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषकहरुलाई क्षमता विकास गरी उत्पादन र उत्पादकत्व बढाउन रु. ५ लाख बजेट विनियोजन गरेको छु।
- पालिकास्तरीय नर्सरी संचालन तथा फलफुल तरकारीका वेर्ना उत्पादन गरी विभिन्न जातका वेर्नामा पालिकालाई आत्मनिर्भर बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषकहरुलाई जैविक मल तर्फ उन्मुख गराई पालिका भित्रै मल उत्पादन गर्न जैविक मल प्रवर्द्धन कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकालाई महमा आत्मनिर्भर बनाउन **मौरी प्रवर्द्धन कार्यक्रम** संचालनको लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।
- **रैथाने बाली प्रवर्द्धनका** लागि रु ६ लाख बजेट विनियोजन गरेको छु ।

- किसान सूचीकरणको बाँकी काम सम्पन्न गर्नको लागि रु २ लाख विनियोजन गरेको छु ।
- प्राविधिक जनशक्ति मार्फत कृषकहरुलाई सेवा उपलब्ध गराउन कृषि तर्फ **कृषि स्नातक** करार र पशु सेवा तर्फ **एक पालिका एक भेटेरिनरी डाक्टर** कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- दुधमा पालिकालाई आत्मनिर्भर बनाउँदै लैजान गाउँपालिका भित्र **गाई/भैसी स्रोत केन्द्र** स्थापना कार्यक्रमका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।
- उन्नत प्रजातिको पशुपालनका लागि **कृत्रिम गर्भाधान मिसन कार्यक्रमका** लागि २ लाख विनियोजन गरेको छु ।
- पशुमा देखिने विभिन्न प्रकारका रोग लगायत अन्य महामारीजन्य रोगहरु नियन्त्रणका लागि रु ५ लाख विनियोजन गरेको छु ।
- कृषकहरुलाई नियमित रुपमा टोल टोल घरघरमा पुगी प्राविधिक सेवा प्रदान गर्न पशु स्वास्थ्य घुम्ती शिविर कार्यक्रम संचालनको लागि रु ८ लाख विनियोजन गरेको छु । साथै कृषकहरुलाई पशुपन्छीमा लागेको रोग निदानका लागि आवश्यक औषधी निःशुल्क रुपमा वितरण गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु।
- **आकस्मिक वाली संरक्षण तथा वाली शिविर कार्यक्रम** संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा कृषकहरुको **पशु विमाका कार्यक्रम** संचालन गरिने छ ।
- सहकारी तथा अन्य संघसंस्थाहरुको क्षमता विकासका लागि विभिन्न तालिमहरु संचालन गर्न रु ३ लाख रकम विनियोजन गरेको छु ।
- स्थानिय कच्चा पदार्थमा आधारित भई उद्योगको स्थापना गर्नेलाई थप प्रोत्साहन दिने गरी एक वडा एक उद्योग कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि रु ४० लाख रकम विनियोजन गरेको छु ।
- **नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रमका** लागि रु १२ लाख विनियोजन गरेको छु ।
- भिमसेनथापा गाउँपालिकाका वडाहरुमा उद्यमशिलता तथा सिप विकासको माध्यमबाट महिला तथा युवाहरुको आर्थिक सशक्तिकरणको कार्यक्रमलाई निरन्तरता दिएको छु।
- लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- हाट बजार तथा संकलन केन्द्र मार्फत उत्पादित वस्तुहरुको वजारीकरण र व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

**२१.सामाजिक विकास तर्फः-**

- पालिका भित्रका विद्यालयहरुमा **केन्द्रिय ई-हाजिरी प्रणाली जडान** गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यालय लेखा कर्मचारी तथा विद्यालय सहयोगीका लागि प्रतिव्यक्ति चालु आ.ब. मा उपलब्ध गराइएको अनुदानलाई निरन्तरता दिएको छु ।
- बालविकास सहयोगी कार्यकर्ता ४६ जनाका लागि चालु आ.ब. मा थप गरिएको अनुदानलाई निरन्तरता दिएको छु ।
- बालकक्षा देखि ५ कक्षासम्म विद्यार्थी दिवा खाजामा दिइएको प्रति विद्यार्थी रु ५ थप अनुदानलाई निरन्तरता दिएको छु ।
- विद्यालयलाई प्रविधिमैत्री बनाउन कम्प्युटर लगायत सामाग्री सहयोगका लागि अनुदान उपलब्ध गराइने छ ।
- विद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप मार्फत क्षमता विकास गर्न अतिरिक्त क्रियाकलाप शिर्षकमा बजेट विनियोजन गरेको छु ।
- जिल्ला सहभागिता समेत गरी स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड (**सहिद स्मृति रनिङ शिल्ड**) प्रतियोगिता संचालनका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरुलाई समयसापेक्ष प्रविधिमैत्री बनाउन विभिन्न तालिम संचालनका लागि बजेटको व्यवस्था गरेको छु ।
- निःशुल्क रुपमा विद्यालयको आन्तरिक परिक्षा संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरुलाई प्रोत्साहन गर्न **एक शिक्षक एक डायरी र शिक्षक परिचयपत्र** कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।
- **विद्यार्थी प्रोत्साहन तथा अभिभावक शिक्षा कार्यक्रम** मार्फत विद्यार्थी भाइबहिनीहरुलाई विद्यालय छुटाउने दर घटाउने कार्यक्रम संचालन गरिनेछ ।शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक लक्षित विभिन्न कार्यक्रम गर्दै अभिभावकलाई थप जिम्मेवार बनाइनेछ । यसको लागि रु ९ लाख बजेट विनियोजन गरेको छु ।
- सामुदायिक सिकाई केन्द्र मार्फत जनचेतना अभिवृद्धिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- रातो बंगला फाउन्डेसन र रुम टु रिड जस्ता गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा शैक्षिक गुणस्तर सुधारको कार्यक्रमहरु संचालन गर्न रु १४ लाख बजेट विनियोजन गरेको छु ।
- विद्यार्थी भाइबहिनीहरुलाई सानो उमेर देखि नै **विद्यालय स्काउट कार्यक्रम** मार्फत अनुशासित एवं लगनशिल बनाउन विद्यालय स्काउट कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको छु ।

- प्राविधिक शिक्षा प्रवर्द्धन गर्न विद्यालय संचालन अनुदान तथा विद्यार्थीहरुलाई छात्रवृत्ती तथा आवास सुविधाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- **गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति** वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- शिक्षकहरुलाई अध्ययन अनुसन्धानमा प्रेरित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न **लघु अनुसन्धान कार्यक्रम** संचालन गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- हाम्रो घोकन्ते शिक्षा प्रणालीलाई समयानुकुल प्रविधिमैत्री बनाउन **गापा अध्यक्ष प्रविधिमैत्री शिक्षा कार्यक्रम** संचालन गरिनेछ ।साथै विद्यार्थीहरुमा लुकेर रहेका नविनतम सोच प्रविधिलाई प्रस्फुटन गर्न स्थापित सहिदस्मृति आविष्कार केन्द्रको लागि थप बजेको व्यवस्था गरेको छु ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा स्थानीय स्रोत सामाग्री निर्माण कक्षा १-८ को कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी कार्यक्रम समावेश गरेको छु ।
- **गा पा अध्यक्ष जेष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम**का लागि ९ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ । यसबाट स्वास्थ्य सेवामा थप गुणस्तरीय हुने विश्वास लिएको छु । विभिन्न गाउँघर क्लिनिक तथा स्वास्थ्य संस्था तथा अस्पतालको स्तरोन्नती तथा संचालन अनुदान कार्यक्रमा आवश्यक बजेटको व्यवस्था गरको छु ।
- विपन्न तथा असहाय जेष्ठ नागरिक र गर्भवती निशुल्क एम्बुलेन्स सेवाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गर्भवती महिलाहरुको गाउँ घरमै पुगी अल्ट्रासाउण्ड गर्न **ग्रामिण अल्ट्रासाउण्ड** कार्यक्रमका लागि रु ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- **निशुल्क तथा जेष्ठ नागरिक स्वास्थ्य सेवाका** लागि औषधि तथा सामग्रि खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गर्भबती महिलाहरुको लागि निशुल्क प्रयोगशाला सेवा शोधभर्ना वापत आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- हाम्रा बालबालिकाहरुलाई कुपोषणबाट बचाउन **बृद्धि अनुगमन प्रबर्धन** कार्यक्रम संचालनका लागि बजेटको व्यवस्था गरेको छु ।
- **गा.पा उपाध्यक्ष गर्भवती तथा सुत्केरी पोषण कार्यक्रमलाई** निरन्तरता दिदै संघीय सरकारको विशेष अनुदानबाट प्राप्त बजेटबाट कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरी स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन DHIS २ RUSG ELMIS SBA लगायत अन्य विशेष तालिम सन्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छू ।
- स्वास्थ्य क्षेत्रको सुधारका लागि घरघरसम्म पुगेर सेवा प्रदान गर्न अहोरात्र खटिने महिला स्वास्थ्य स्वंयसेविकाहरुका लागि प्रोत्साहन भत्ता, संचार सुविधा, चाडाबाड खर्च,

स्वास्थ्य विमा कार्यक्रम, सम्मानजनक विदाइ तथा मासिक बैठकको व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन पुराना प्रयोगशाला मर्मत सुधार तथा **थप १ नयाँ प्रयोगशाला बगुवामा** सन्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सुरक्षित गाउँपालिका निर्माण गर्ने नीतिलाई कार्यान्वयन गर्न आफ्नो बिमा प्रिमियम बुझाउन **नसक्ने बिपन्न तथा असहाय नागरिकको प्रिमियम शुल्क** भुक्तानीका लागि रु ८ लाख बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्य सेवा सुधारका लागि पालिका स्तरीय पैरवि कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।
- अस्पताल सेवा सन्चालनका लागि चिकित्सक लगायत स्वास्थ्यकर्मी व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- **नसर्ने रोगको स्क्रिनिङ शिविर तथा मोतियाविन्दुको शल्यक्रिया शिविर र दन्त शिविर** संचालन गरी टोलटोलमा स्वास्थ्य सेवा पुर्याउन ३ लाख बजेटको व्यवस्था गरेको छु ।
- शहिद स्मृती आधारभूत अस्पतालको सेवालाई चौविस घण्टा नै सुचारु राख्न रात्रिकालिन सेवा संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- आगामी आर्थिक वर्षबाट **आधारभूत अस्पतालमा दन्तसेवा** सुचारु गरिनेछ ।यसको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।
- बैकल्पिक चिकित्साको माध्यमबाट स्वस्थ नागरिक निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- चिकित्सक मार्फत हरेक वडामा मासिक रुपमा स्याटेलाइट क्लिनिक संचालन गर्न बजेटको प्रवन्ध गरेको छु । समुदायमा लुकेर रहेका क्षयरोगीहरुको स्क्रिनिङ्ग विशेष कार्यक्रम संचालन गरिनेछ ।
- विद्यार्थीहरुको आँखा जाँच कार्यक्रमका लागि रु २ लाख बजेट विनियोजन गरेको छु ।त्यस्तै विपन्न नागरिकहरुको निःशुल्क मोतियाविन्दुको उपचारको प्रबन्ध मिलाएको छु ।
- पारिवारिक स्वास्थ्य प्रोफाइलको अध्यावधिक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पालिका भित्र रहेका एच आइ भि संक्रमितहरुको लागि यातायात खर्च सहयोगका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पोषण संवेदनशिल खानेपानी तथा सरसफाइ, कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रबन्ध क्षेत्रका कार्यक्रमहरु संचालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।संघीय सरकारसँगको साझेदारीमा पोषण विशेष कार्यक्रम संचालन गरिनेछ ।
- मानव सेवा आश्रमसँगको साझेदारीमा **सडक मानव मुक्त पालिका** निर्माणका लागि मानव सेवा आश्रम गोरखालाई अनुदान स्वरुप रु १ लाख विनियोजन गरेको छु ।

- गाउँपालिका भित्रको बुढीगण्डकी वृद्धाश्रम लक्ष्मी नारायण धाम संचालन अनुदानका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।
- पालिका भित्रको खानेपानीको तथ्याङ्क अभिलेखलाई डिजिटलाइज गर्न संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा **NWASH MIS** कार्यक्रम संचालन गरिनेछ ।
- **अन्तरजातिय विवाह गर्ने जोडीलाई सम्मान** गरिनेछ । साथै विभिन्न लक्षित वर्ग विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- **बालमैत्री स्थानीय शासन स्थापना** गर्नको लागि आवश्यक साझेदारी गर्ने गरी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गर्न भत्ता प्राप्त गर्ने सबै नागरिकहरुको वायोमेट्रिक विवरणलाई व्यवस्थित गरिनेछ ।सामाजिक सुरक्षा भत्तालाई समयमै पठाइ वडावडामा गई वितरण गरिनेछ ।
- पालिका भित्रका विभिन्न मन्दिर, मस्जिद, गुम्बाहरुको लागि विगतमा छुट्याइएको व्यवस्थापन अनुदानलाई सम्बन्धित जातजाति, धार्मिक समुदाय एवं वडालाई आत्मनिर्भर बनाउने गरी माग अनुसार केही थपघट गर्ने गरी निरन्तरता दिएको छु ।

<u>सभाध्यक्षज्यू</u>

**२२.पुर्वाधार विकास तर्फः**

- **भिमसेनथापा चक्रपथको तेस्रो खण्ड** अन्तर्गतको धावा इत्लापोखरी - सिमलफेद सडकको स्तरोन्नतीका लागि संघीय सरकार समपुरक अनुदानको १५० लाख र गाउँपालिकाको १५० लाख गरी कुल ३ करोड विनियोजन गरेको छु ।
- पालिका भित्रका विभिन्न नदी तथा खोलाहरुमा आवश्यक झोलुङ्गे पुल निर्माण साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- संघीय र प्रदेश सरकार साथै विभिन्न संघसंस्थासँगको साझेदारीमा कार्यक्रमहरु संचालन गर्न **रु ३ करोड समपुरक तथा साझेदारी** शिर्षकमा बजेट विनियोजन गरेको छु ।
- **बोर्लाङ्ग-ऐरिभञ्ज्याङ-महादेवटार सडकका** लागि प्रदेश सरकार र पालिकाबीच समपूरक अन्तर्गत कार्यान्वयन गर्ने गरी रु १ करोड १७ लाख बजेट विनियोजन गरेको छु ।
- आगामी आ.ब. मा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका सहायक सडक तथा गोरेटो सिढी बाटोहरुको स्तरोन्नतीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आगामी आर्थिक वर्षमा ६ नं. वडा कार्यालयको आफ्नै भवन निर्माण सम्पन्न गर्न क्रमागत तर्फ आवश्यक बजेटको व्यवस्था गरेको छु ।सबै वडा कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- साना सिंचाई योजनाहरुको निर्माण, मर्मत तथा सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- वडा कार्यालयले संकलन गरेको राजश्वको आधारमा ३० प्रतिशत रकम पुनः वडाले छनौट गरेको आयोजना कार्यक्रममा खर्च गर्ने गरी रु २५ लाख रकम **वडा साझेदारी शिर्षकमा** विनियोजन गरेको छु ।
- पालिका भित्रका खानेपानीको मुहान संरक्षण तथा मर्मत संभारका लागि बजेटको व्यवस्था गरेको छु ।
- पालिका भित्र निर्माण गरिने विभिन्न भौतिक पूर्वाधारको गुणस्तरियता कायम गर्न पालिकाको आफ्नै इन्जिनियरिङ्ग ल्याव स्थापना गरिनेछ ।
- साझेदारीमा सोलार प्लान्ट मार्फत **१ मेगावाट विद्युत उत्पादन गर्न सम्भाव्यता अध्ययन तथा वातावरणीय** अध्ययन गरी काम अगाडी बढाइनेछ ।
- पालिका भित्रका सबै घरहरुको डिजिटल प्रणाली मार्फत घरको नम्बरिङ्ग गरिनेछ । साथै सडकको लगत कट्टा कार्यक्रम प्रदेश सरकारसँगको साझेदारीमा संचालन गरिनेछ ।

**सभाध्यक्षज्यू,**

**२४. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न रु २० लाख रकम विपद् व्यवस्थापन कोषको लागि विनियोजन गरेको छु ।
- डढेलोको कारण वन तथा वन्यजन्तुमा पुगेको क्षति न्यूनिकरणका लागि **डढेलो नियन्त्रण कार्यक्रम** संचालन गर्न रु ४ लाख बजेट विनियोजन गरेको छु ।
- पालिकाको लागि आवश्यक पर्ने विभिन्न फुल तथा विरुवा उत्पादनको लागि आफ्नै **वन नर्सरी स्थापना** गरिनेछ ।
- प्रदेश सरकारसँगको साझेदारीमा वन क्षेत्रको दिगो वन तथा वातावरण संरक्षण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- स्वच्छ गाउँपालिका निर्माण गर्न **फोहोरमैला व्यवस्थापनका** लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।
- वातावरण तथा सरसफाई व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पूर्ण सुरक्षित गाउँपालिका निर्माणका लागि **सामुहिक दुर्घटना विमा कार्यक्रमलाई** निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न खोला खोल्सीहरुको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- बाढी पहिरो जस्ता विपद्का घटनामा पालिकाको उपलब्ध स्रोत साधन चुस्त राखी उपयोग गर्न आवश्यक स्रोतको व्यवस्था गरेको छु ।

<u>सभाध्यक्षज्यू</u>

**२५. संस्थागत विकास तथा सुशासन तर्फः**

- न्यायिक समितिका काम कारबाहीहरुलाई सुव्यवस्थित रुपमा संचालन गरिनेछ । स्थानीय स्तरमा आउने विवादहरुलाई मेलमिलाप केन्द्र तथा न्यायिक समिति मार्फत निरुपण तथा मेलमिलापको माध्यमबाट टुङ्गयाइनेछ । मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विपन्न तथा पिडितको लागि न्यायिक सेवा पुर्याइनेछ **।जातिय विभेद उन्मुलन कार्यक्रम** संचालन गरिनेछ ।बालबालिका लक्षित कानूनी सचेतना शिक्षा एवं लैंगिक आत्मरक्षा कार्यक्रम गरिनेछ ।
- पालिकाको संस्थागत विकाससँग सम्बन्धित कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सुशासन प्रवर्द्धनको औजारको रुपमा रहेको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न रु १ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक/सामाजिक परिक्षण कार्यका लागि रु १ लाख बजेट विनियोजन गरेको छु ।
- **वडास्तरीय सूचना केन्द्र** मार्फत नागरिकहरुलाई विभिन्न सेवाहरु प्रदान गरिनेछ । एकल विन्दुबाटै सम्पूर्ण सेवाहरु दिने गरी कार्यक्रम संचालन गरिनेछ ।यसबाट नागरिकहरुले सहज रुपमा सेवा लिन सक्नेछ भन्ने विश्वास लिएको छु । यस केन्द्रले स्थानीय सरकार र नागरिकबीचको सम्बन्ध थप सुदृढ हुनेछ ।
- उपभोक्ताको गुणस्तरीय सामाग्री सुपथ मूल्यमा लिन पाउने हकको सुरक्षा गर्न पालिकाबाट **बजार अनुगमनको** व्यवस्था गरिनेछ ।
- नागरिकहरुका गुनासा टोलटोलमा गएर सुनुवाई गर्न र पालिकाको नीति कार्यक्रम बजेटका बारेमा नागरिकलाई सूचित गर्न जनप्रतिनिधि सहित कर्मचारी र स्थानीय जनताबीच छलफल अन्तरक्रिया कार्यक्रम आयोजना गर्न गुनासो चौतारी कार्यक्रम संचालन गरिनेछ ।
- पालिकालाई सुरक्षित बनाउन पालिका प्रवेश गर्ने मुख्य नाका र बजार क्षेत्रहरुमा सिसि क्यामेरा जडान गरिनेछ ।
- हरेक विधामा उत्कृष्टता हासिल गरेका संघसंस्थाहरुलाई सम्मान गरिनेछ ।
- उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम संचालनका लागि रु २ लाख बजेटको प्रबन्ध गरेको छु ।
- जनप्रतिनिधि तथा कर्मचारिहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- विभिन्न व्यक्ति संघ संस्था सहायताका लागि बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकाको नयाँ प्रशासकीय भवन सहित पालिका अन्तर्गतका सबै वडा स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्र निर्माण गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु ।

- राजश्व संकलन शिविर संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राख्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । पालिकाको आन्तरिक स्रोतबाट तलब भत्ता खाइपाइ आएका करार सेवाका कर्मचारीहरुले हाल नेपाल सरकारले तोकेको भन्दा न्यून तलबभत्ता खाइपाइ आएको हुँदा निजहरुको मनोबल उच्च राख्दै पालिकाको विकास र समृद्धिको सपना पुरा गर्न हाल खाइपाइ आएको तलबमानमा आन्तरिक तर्फका सबै करार सेवाका कर्मचारीहरुलाई नेपाल सरकारको आधारभूत स्केलमा नबढ्ने गरी **मासिक रु ३ हजार थप** गर्ने गरी आवश्यक बजेटको विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्ष २०८१।८२ को बजेटको स्रोत पेश गर्न चाहन्छु ।**

२६. आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट समानिकरण अनुदानमा रु १२ करोड ४९ लाख, शसर्त अनुदान चालु तर्फ रु २५ करोड २२ लाख, शसर्त अनुदान पुँजीगत रु ६० लाख, समपुरक अनुदान १ करोड ५० लाख, विशेष अनुदान ७५ लाख तथा राजश्व बाँडफाँडमा रु ८ करोड ७९ लाख प्राप्त हुने अनुमान रहेको छ । त्यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदानमा रु १ करोड ७५ लाख ८२ हजार, सवारी साधन कर बाँडफाँडमा रु ५४ लाख ५४ हजार, समपुरक अनुदानमा रु ७० लाख र विशेष अनुदानमा रु ३० लाख प्राप्त हुने अनुमान गरिएको छ ।त्यस्तै क्रमागत तथा भुक्तानी बाँकी आयोजनाहरुको बाहेक नगद मौज्दात रु ३ करोड रुपैयाँ अनुमान गरिएको छ भने आगामी आर्थिक वर्ष गाउँपालिकाको आन्तरिक स्रोत ८० लाख हुने प्रक्षेपण गरेको छु ।

२७. आर्थिक वर्ष २०७९।०८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०।०८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१।०८२ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान यसै साथ पेश गरेको छु ।गैरसरकारी संघसंस्थाहरुबाट आगामी आर्थिक वर्षमा पालिका भित्र कार्यान्वयन हुने कार्यक्रमहरुलाई यसै साथ पेश गरेको छु ।

२८. आर्थिक वर्ष २०८१।०८२ को शीर्षकगत र स्रोत सहितको आयव्यय अनुमान तथा आर्थिक वर्ष २०८२।०८३ को अनुमानित आयव्य र आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आयव्यय सहितको मध्यकालिन खर्च संरचना समेत यसै साथ पेश गरेको छु

२९. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट रोजगारीको अवसर बढ्ने तथा पालिकाको आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्रहरुको विकास हुने आशा गरेको छु ।

३०. बजेट तर्जुमाको क्रममा आफ्नो अमूल्य राय, सल्लाह, सुझाव एवं मार्गदर्शन प्रदान गर्नुहुने गाउँसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, विषयक्षेत्रगत विज्ञ, गैरसरकारी संघसंस्थाका व्यक्तित्वहरु एवं स्वदेश तथा विदेशमा रहनुभएका आदरणी आमा बुवा दाजुभाई तथा दिदीबहिनीहरु प्रति आभार र धन्यवाद ज्ञापन गर्दछु ।

३१. हामीलाई आफ्नो आगाध विश्वास प्रस्तुत गर्दै अमूल्य मतदान गरी विजयी गराउनु हुने पालिका वासी तमाम मतदाहरु त्यस क्रममा हामीलाई प्रत्यक्ष र परोक्ष सहयोग र हौसला प्रदान गर्नुहुने आदरणीय सवैमा आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

३२. प्रस्तुत वजेट भिमसेनथापा गाउँपालिकाका तमाम नागरीकहरुको आस्थाको पूञ्ज हो । विचार र प्रतिवद्धताको साझा दस्तावेज हो ।हामीलाई प्राप्त साधन र श्रोतको परिधिमा निर्मित पाइला हो ।यसको सफल कार्यान्वयनमा हामी सवैमा सामुहिक प्रतिवद्धता आवश्यक पर्दछ । त्यसको लागि हामी सवैले आफ्नो क्षेत्रबाट एक कदम अगाढि उभिएर उच्च समझदारीका साथ सहकार्य र एकताभाव प्रकट गर्नु पर्दछ ।म नमुना बन्छु र नमुना बनाउछु भन्ने महाअभियानमा पूर्ण संकल्प र प्रतिवद्धता साथ अघि बढी वजेट निमार्ण र प्रस्तुतिकरणमा सहयोग गर्नु हुने सवै प्रति आभार प्रकट गर्दै यसको सफल कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।